## कोभिड-१९ विरुद्धको खोप छानविन समितिको प्रतिवेदन

२०७८ फाल्गुण १

### १. पृष्ठभूमी

नेपालमा २०७६ माघ ९ मा कोभिड-१९ को पहिलो संक्रमित देखिएको थियो। नेपालमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि विभिन्न उपायहरु अपनाइको छ। ती उपायहरु मध्ये रोग लाग्ने दर, जटिलता हुने दर तथा मृत्यु दरमा उल्लेख्य रुपमा कमि ल्याउन कोभिड-१९ विरुद्धको खोपको प्रयोग एक प्रभावकारी रोकथामको उपाय हो। यस सन्दर्भमा नेपाल सरकारले उच्च प्राथमिकताका साथ खोप अभियान कार्यक्रम संचालन गरिरहेको छ।

हालसम्म नेपाल सरकारले सिधै खरिद, कोभ्याक्स् सुबिधा अन्तर्गत Advance Market Commitment, Cost sharing र Dose sharing, मित्र राष्ट्रहरु र विभिन्न सहयोगी निकायको सहयोगमा खोप प्राप्त गरिरहेको छ।

नेपालले पहिले उच्च जोखिम वर्ग र क्रमशः सबै जनसंख्यालाई खोप दिने निति लिएकोछ। यसका लागि राष्ट्रिय खोप कार्य योजना (National Deployment and Vaccination Plan) तर्जुमा गरी कार्यान्वयन गरिएकोछ।

मिति २०७७ माघ १४ गतेबाट कोभिड-१९ विरुद्धको खोप अभियान देशैभरी निशुल्क रूपमा संचालन हुँदै आएको छ।

कोभिड-१९ विरुद्धका खोपहरु फरक-फरक प्रकारका छन्। ती खोपहरु केहि हप्ता देखि केहि महिनाको अन्तरमा खोपको प्रकार अनुसार एक मात्रा वा दुई मात्रा लगाइसकेपछि मात्र पूर्ण खोप प्राप्त गरेको मानिएको छ। हालसालै खोपको बुस्टर मात्रा पनि दिने व्यवस्था गरिएको छ।

### २. छानविन समिति गठन

खोप मौज्दात र उपभोगको अभिलेख बारे विभिन्न माध्यमबाट प्रश्न उठेको र छानबिनको माग भएकोमा सो कार्यको लागि २०७८ माघ १६ गतेको माननीय मन्त्रिस्तरीय निर्णयानुसार देहायबमोजिमको पाँच सदस्यीय छानबिन समिति गठन भएको छ ।

- संयोजकः- डा. गुणराज लोहनी, प्रमुख विषेशज्ञ
- सदस्यः- श्री यशोदा अर्याल, प्रमुख जनस्वास्थ्य प्रशासक
- सदस्यः- श्री अनिल थापा, उपसचिव (तथ्यांक)
- सदस्यः- डा. अभियान गौतम, उप-स्वास्थ्य प्रशासक
- सदस्य-सचिवः डा. गुण निधि शर्मा, वरिष्ठ स्वास्थ्य प्रशासक

समितिको कार्य विवरणः- कोभिड-१९ विरुद्धको खोप छानविन समितिको कार्य विवरण कोभिड-१९ विरुद्धको खोपको अभिलेख सम्बन्धमा भएको यथार्थता १५ दिन भित्र छानविन गरि प्रतिवेदन पेश गर्ने ।

## ३. छानविन प्रकृया

समितिको पहिलो बैठक २०७८ माघ १७ गते बसि २०७८ माघ २१ गते दिउसो ३ बजेको खोप मौज्दात, खोप लगाएको संख्या र कभरेजको विवरण एकै साथ DHIS-२ मा **प्रविष्ट गर्ने** भनि केन्द्रिय खोप भण्डार, ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानिय तहलाई **सार्वजनिक सूचना** आह्वान भयो ।

समितिले मिति २०७८ माघ २४ गते पुनः सूचना प्रकाशन गरि खोप मौज्दात प्रविष्ट गर्न बाँकी भएका ६ जिल्ला र १०९ स्थानीय तहलाई प्रविष्ट गर्न आग्रह गर्दै प्रत्येक तहले माघ २१ गतेसम्म प्राप्त गरेको खोप मात्रा तथा म्याद गुज्री वा अन्य कुनै कारणबश क्षती भई प्रयोग गर्न मिल्ने अवस्थामा नरहेको खोपको मात्राको बिवरण समेत २०७८ माघ २६ गते बुधवार दिउसो ३ देखि ४ बजे भित्रमा DHIS-२ मा अनिवार्य प्रविष्ट गर्न समितिले आवहान गरिएको थियो । सो कार्यका लागि सबै तहसंग निरन्तर अन्तरकृया र सहजिकरण समेत गरिएको ।

समितिका सदस्यहरूबाट व्यवस्थापन महाशाखा, गण्डकी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, काठमाडौं, ललितपुर, भक्तपुर, गोर्खा, म्याग्दी, कास्की, तनहुँका स्वास्थ्य कार्यालयहरूको स्थलगत अध्ययन, अवलोकन र अन्तरक्रिया गरी खोप प्राप्ती, खोप मौज्दात, खोपको क्षती र खोप लगाएको सम्बन्धमा थप विवरण संकलन गरिएको ।

## ४. छानबिनबाट प्राप्त विवरण

### ४.१ नेपालले २०७८ माघ २१ गतेसम्म प्राप्त गरेको खोप परिमाण

नेपाल सरकारबाट २०७८ माघ २१ गतेसम्ममा तालिका नं. १ मा उल्लेख भए बमोजिम जम्मा ४,५७,०८,६४० मात्रा खोप प्राप्त गरेको छ।

**तालिका नं. विभिन्न श्रोतबाट खोप प्राप्तीको विवरण**

| श्रोत | प्राप्त खोप मात्रा |
|---|---|
| नेपाल सरकारबाट खरिद | १,२०,००,००० (२६%) |
| कोभ्याक्स् सुविधा (Cost sharing) | ९९,३७,२०० (२२%) |
| कोभ्याक्स् सुबिधा (Dose sharing) | ९८,८८,१२० (२२%) |
| कोभ्याक्स् सुविधा (AMC) | ८४,२०,६०० (१८%) |
| मित्र राष्ट्र र सहयोगी निकायको सहयोग | ५४,६२,७२० (१२%) |
| जम्मा | ४,५७,०८,६४० (१००%) |

| खोप | प्राप्त खोप मात्रा |
|---|---|
| भेरो सेल | १,९७,३६,४०० (४३%) |
| काभिशिल्ड (२१%) /एस्ट्राजेनिका (९%) | १,३८,४३,५६० (३०%) |
| मोडर्ना | ७६,५२,००० (१७%) |
| ज्यानसन | ३७,११,५०० (८%) |
| फाइजर बायोएनटेक | ७,६५,१८० (२%) |
| जम्मा | ४,५७,०८,६४० (१००%) |

**श्रोतः** स्वास्थ्य सेवा बिभाग, व्यवस्थापन महाशाखाको प्रतिवेदन।

### ४.२ २०७८ माघ २१ गतेको खोप मौज्दातको अवस्था

खोप भण्डारण र ढुवानीको व्यवस्थापन स्वास्थ्य सेवा विभाग अन्तर्गतको व्यवस्थापन महाशाखाबाट हुँदै आएको छ। परिवार कल्याण महाशाखाको सिफारिसमा खोप वितरणको कार्य व्यवस्थापन महाशाखाले गर्दै आएको छ।

महाशाखाको केन्द्रिय भण्डार टेकु र पथलैयामा रहेको छ। साथै, त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलमा समेत खोप भण्डारणको व्यवस्था रहेको छ। त्यसैगरि सबै प्रदेश स्तरमा प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र अन्तर्गत खोप भण्डार र जिल्ला तहमा जिल्ला खोप भण्डार रहेको छ। तर बाग्मती प्रदेशका १० जिल्लाको लागि केन्द्रिय भण्डार, टेकुबाट नै खोप ढुवानी हुने गरेको छ। बाँकीका ३ जिल्लालाई हेटौंडाबाट खोप ढुवानी हुने व्यवस्था रहेको छ। अन्य प्रदेशको हकमा केन्द्रबाट प्रादेशिक भण्डारमा ढुवानी हुन्छ, त्यहाँबाट जिल्लामा खोप ढुवानी गरिन्छ र

जिल्ला तहबाट स्थानीय तहमा खोप ढुवानी गरिन्छ। केहि स्थानीय तहमा खोप भण्डारणको लागि Ice Lined Refrigerator (ILR) रहेको छ।

समितिले २०७८ माघ १७ गते आव्हान गरेबमोजिम २०७८ माघ २१ गते दिउसो ३ बजे DHIS-2 मा नेपाल भरिका सबै निकायले एकै दिन प्रविष्ट गर्नुपर्ने भनिएकोमा ७ प्रदेश, ७७ जिल्ला र ७४४ स्थानिय तहबाट मात्र तथ्याङ्क प्राप्त हुन सकेको छ। ताप्लेजुङ्ग जिल्लाको सिदिङ्गबा गाउँपालिका, काठमाण्डौ जिल्लाको तारकेश्वर र चन्द्रागिरि नगरपालिका, काभ्रेपलाञ्चोक जिल्लाका खानिखोला, बेथानचोक र तेमाल गाउँपालिका र मकवानपुर जिल्लाका इन्द्रशरोवर, राक्सिराङ्ग र कैलाश गाउँपालिकाबाट तथ्याङ्क प्रविष्ट नभएको अवस्था छ।

तालिका नं. २ मा उल्लेख भए बमोजिम २०७८ माघ २१ गते जम्मा **१,२३,३७,६६५ मात्रा** खोप मौज्दातमा गरेको प्रतिवेदन प्राप्त भएको छ।

**तालिका नं. २: २०७८ माघ २१ गते खोप भण्डारमा रहेका खोप मौज्दात**

| | **विभिन्न तहका खोप भण्डारमा रहेको मौज्दात** | | | | |
|---|---|---|---|---|---|
| खोप | केन्द्र | प्रदेश | जिल्ला | पालिका | जम्मा |
| कोभिशिल्ड र एस्ट्राजेनिका | ३०,२३, ८३० | ११,००,८९० | ११,३९,२३० | ५,८४,५०६ | ५८,४८,४५६ |
| भेरो सेल, साइनोफार्म | १,०४,१९३ | ५,००,२८९ | ४,६३,८९४ | ३,९८,८८६ | १४,६७,२६२ |
| ज्यानसन | २,५८,३९० | २,८९,००० | ३,८९,१२५ | २,१६,११६ | ११,५२,६३१ |
| मोडर्ना | २९,११,१०० | ६०,४३० | २,५२,१४० | ३,६१,२०८ | ३५,८४,८७८ |
| फाइजर बायोएनटेक | २,३९,८३८ | ० | १३,६८६, | ३०,९१४ | २,८४,४३८ |
| जम्मा | ६५,३७,३५१ | १९,५०,६०९ | २२,५८,०७५ | १५,९१,६३० | १,२३,३७,६६५ |

**श्रोतः** क्ज्क्व/DHIS-द, २०७८ माघ २१

### ४.३ खोप खेर गएको अवस्था

२०७८ माघ २१ गतेसम्म प्राप्त गरेको खोप मध्ये म्याद गुज्री वा अन्य कुनै कारणबश क्षती भई प्रयोग गर्न मिल्ने अवस्थामा नरहेको खोपको मात्राको बिवरण *तालिका नं.३* बमोजिम रहेको छ।

**तालिका नं.३: २०७८ माघ २१ गतेसम्म खेर गएको खोपको अवस्था**

| खोप | केन्द्र | प्रदेश | जिल्ला | पालिका | **जम्मा** |
|---|---|---|---|---|---|
| कोभिशिल्ड र एस्ट्राजेनिका | ० | ० | ११,६९० | ७,३५९ | **१९,०४९** |
| भेरो सेल, साइनोफार्म | ० | ० | ३,११५ | ३,९०८ | **७,०२३** |
| ज्यानसन | ० | ० | ४,५२१ | ६७४ | **५,१९५** |
| मोडर्ना | ० | ० | ११,५४२ | १४,०२० | **२५,५६२** |
| फाइजर बायोएनटेक | ० | ० | ७९ | ० | **७९** |
| जम्मा | ० | ० | ३०,९४७ | २५,९६१ | **५६,९०८** |

**श्रोत:** क्ज्क्षक/म्ज्क्ष(ह, २०७८ माघ २१

प्रयोग गर्न नमिल्ने खोप मौज्दातको विवरण केन्द्र, ७ प्रदेश, ७७ जिल्ला र ४९६ पालिकाबाट प्राप्त भएको छ। उक्त विवरण हेर्दा केहि जिल्ला र पालिकामा अस्वाभाविक रूपमा बढि देखिन्छ। प्रयोग गर्न नमिल्ने खोपको मौज्दात समेत खोप भण्डारमा रहेका खोप मौज्दातमा समावेश गरिएको छ।

### ४.४ खोप लगाएको विवरण

२०७८ माघ २१ गते सम्ममा १२ वर्ष र सो माथिका जनसंख्यालाई खोप लगाएको विवरण तालिका नं. ४ बमोजिम रहेको छ।

**तालिका नं. ४ २०७८ माघ २१ गतेसम्म खोप लगाएको विवरण**

| खोप | जम्मा |
|---|---|
| कोभिशिल्ड र एस्ट्राजेनिका | ८५,३४,४४६ |
| भेरो सेल, साइनोफार्म | १,८४,९९,३६८ |
| ज्यानसन | २७,७०,७५४ |
| मोडर्ना | ३६,६८,२१० |
| फाइजर बायोएनटेक | ३,५३,५५२ |
| जम्मा | ३,३८,२६,३३० |

**श्रोत:** क्ज्क्षक/म्ज्क्ष(ह, २०७८ माघ २१

### ४.५ खोप मौज्दातको सारांश

२०७८ माघ २१ गते सम्म कोभिड-१९ विरुद्धको खोपको सारांश विवरण देहायको तालिका नं. ५ बमोजिम रहेको छ।

**तालिका नं. ५ः २०७८ माघ २१ गतेको कोभिड-१९ विरुद्धको खोप विवरण**

| नेपालले प्राप्त गरेको जम्मा खोप (मात्रा) | खोपको मौज्दात | खोप लगाएको मात्रा |
|---|---|---|
| ४,५७,०८,६४० | १,२३,३७,६६५ | ३,३८,२६,३३० |

प्राप्त सबै विवरणलाई विष्लेशण गर्दा ४,५५,३५५ मात्रा खोप बढि देखिन्छ। विभिन्न स्थानहरुमा गरिएको स्थलगत अवलोकन,अन्तरकृया र सन्दर्भ सामाग्रीको अध्ययन गर्दा १० मात्राको भायलमा ११ जनालाई लगाएको समेत देखिन्छ।

### ५. कोभिड-१९ खोप कार्यक्रममा देखिएका समस्याहरूः

१. केहि जिल्ला तथा स्थानिय तहमा हस्तान्तरण फारम, मौज्दात र खोप लगाएको विवरणको अभिलेख नियमित र पूर्ण रुपमा अध्यावधिक हुन नसकेको। खोप मौज्दात पूर्ण रुपमा e-LMIS मा प्रविष्ट हुन नसकेको, खोप सेसन संचालन पश्चात अभिलेखलाई DHIS-२ मा दैनिक प्रविष्ट नियमित रुपमा हुन नसकेको। खोप दिने स्वास्थ्य संस्थाले खोप कभरेजको अभिलेख राख्न रजिष्टरको पूर्ण रुपमा प्रयोग गर्न नसकेको।

२. कोभिड-१९ विरुद्धको खोप निशुल्क भएता पनि केहि व्यक्तिहरुले खोप लगाए बापत पैसा लिएको गुनासाहरु समेत सुनिएको छ। यस सम्बन्धमा उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत छानवीन गरी मुद्धा दाएर गरेको देखिन्छ।

३. संचालित खोप अभियान कार्यक्रममा लक्षित वर्ग बाहेकका व्यक्तिहरुले समेत खोप लगाएको बुझिन्छ।

४. बुस्टर मात्रा लगाउने सम्बन्धि आधिकारिक निर्णय नहुँदै पहिले खोप लगाइसकेका केही व्यक्तिले पहिलो खोप भनि बुस्टर लगाएको देखिन्छ।

५. महामारीको गाम्भीर्यतालाई दृष्टिगत गरी तीव्र रूपमा खोप अभियानलाई संचालन गर्ने क्रममा खोप अभियान पूर्ण व्यवस्थित गर्न नसकिएको देखिन्छ।

## ६. राय/सुझाव

१. उपलब्ध समय,तथ्यांक र श्रोतको आधारमा तयार यो प्रतिबेदनका बिभिन्न पक्षमा बिस्तृत थप अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्नु पर्ने,

२. कोभिड-१९ विरुद्धको खोप कार्यक्रममा तिन तहको सरकार बीच प्रभावकारी समन्यवको अभाव भएको हुनाले संघीय प्रणालीमा स्वास्थ्य क्षेत्रको संरचनालाई पुनरावलोकन गर्नु पर्ने,

३. खोप कार्यक्रम सम्वन्धि विवरण सबै स्थानिय तहले उपलब्ध नगराएको सम्बन्धमा स्वास्थ्य कार्यालयको भूमिका परिमार्जन गरी सबै स्थानीय तहमा संचालित खोप कार्यक्रमको अभिलेख तथा मौज्दात अनुगमन सम्बन्धि सम्पूर्ण अधिकार सहितको जिम्मेबारी जिल्ला स्थित स्वास्थ्य कार्यालयलाई दिने। यसको कार्यान्वयन भए नभएको प्रदेश स्थित स्वास्थ्यका निकायले अनुगमन गर्नुपर्ने,

४. सबै खोप भण्डारमा Refrigerator को अगाडिको भागमा खोपको नाम, मौज्दात र Expiry Date सहितको विवरण स्पष्ट देखिने गरी अनिबार्य राख्ने ब्यबस्था गर्ने,

५. सबै स्थानिय तहले आफ्नो स्वास्थ्य संस्था मार्फत संचालित खोप कार्यक्रमको विवरण अनिवार्य रुपमा तोकिएको खोप रजिष्टरमा भर्ने, खोप मौज्दात अध्यावधिक गर्ने र खोप लगाएको बिवरण तोकिएको ढाँचामा पूर्ण रूपमा दैनिक तथा मासिक (Consolidated Report) DHIS-२ मा प्रविष्ट गर्ने,

६. स्वास्थ्य सेवा बिभाग अन्तर्गतको ब्यबस्थापन महाशाखा, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र र स्वास्थ्य कार्यालयहरुले खोपको प्राप्ति र निकासिको अनिवार्य अभिलेख राख्ने ब्यबस्था गर्ने।

७. खोप अभियानको क्रममा लक्षित समूह बाहेकका व्यक्तिहरुलाई खोप लगाएको, बुस्टर मात्रा लगाउने आधिकारिक निर्णय नहुँदै खोप लगाएको सम्बन्धमा खोप सम्बन्धी स्वीकृत नीति, रणनीति, मापदण्ड र बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन प्रभावकारी भए नभएको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवा बिभाग, प्रदेश स्वास्थ्य हेर्ने मन्त्रालय र स्थानीय तहहरुको प्रत्यक्ष अनुगमन गर्ने।

८. पैसा लिई खोप लगाएको, धेरै मौज्दात राख्ने, उचित भण्डारण नभएको कारणले प्रयोग गर्न नमिल्ने खोप धेरै भएका,अभियान संचालनका क्रममा लापरवाही गर्ने निकायहरूको सम्बन्धमा सत्य तथ्य छानबिन गरी कारबाही सिफारिस गर्न अधिकार सम्पन्न समिति गठन गरी जिम्मेवारी दिने।